नेपाल सरकार
कृषि बिकास मन्त्रालय
कृषि विभाग
माटो व्यवस्थापन निर्देशनालय
हरिहरभवन, ललितपूर

## सिलबन्दी बोलपत्र आह्वानको सुचना

प्रथम पटक सुचना प्रकाशित मिति: २०७४/०७/२८

यस निर्देशनालयको वार्षिक कार्यक्रम बमोजिम १० जिल्ला कृषि विकास कार्यालयहरुमा माटो जाँच सम्वन्धी प्रयोगशाला स्थापना गर्न सो सम्वन्धी (प्रयोगशाला) सामाग्री सिलबन्दी वोलपत्रको माध्यमवाट खरिद गर्नु पर्ने भएकोले नेपाल सरकारवाट उल्लेखित कार्य गर्न इजाजत प्राप्त फर्म, कम्पनी, सप्लायर्स एवं संस्थाहरुले यो सूचना र वोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधिनमा रहि सिलवन्दी वोलपत्र पेश गर्न हुन यो वोलपत्र आहवान गरिन्छ।

१. इच्छुक सप्लायर्सले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र आयकर, स्थायी लेखा नम्बर (PAN)मू. अ. कर दर्ता प्रमाण पत्र नविकरण भएको, आ.ब.२०७२ ७३ सम्मको कर चुक्ता प्रमाण पत्र ,उद्योग दर्ता प्रमाण पत्र , ठेक्का इजाजत प्रमाण पत्र आदिको प्रमाणित प्रतिलिपीहरु संलग्न गरि रु. १०००। को नगद दस्तुर तिरी (फिर्ता नहुने गरि) यस निर्देशनालयको कार्यालय समयमा वोलपत्र फारम खरिद गर्न सकिने छ।
२. वोलपत्र फाराममा आफुले कवोल गरेको दररेट अंक र अक्षरमा स्पष्ट गरि पेश गर्नु पर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ।
३. वोलपत्र खरिद तथा दाखिला पेश गर्ने अन्तिम मितिमा विदा परेमा दर्ता तथा खरिद कार्य सो को भोली पल्ट गर्न सकिने छ।
४. वोलपत्र फाराममा दररेट उल्लेख गर्दा भ्याट बाहेकका अंक उल्लेख गरि पेश गर्नुपर्ने छ।
५. प्राप्त भएको कुनै पनि वोलपत्रहरु स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस निर्देशनालयमा सुरक्षित रहने छ। शर्तहरु उल्लेख गरि पेश गरिएको वोलपत्र उपर कुनै कारवाही हुने छैन।
६. खरिद गरिएका वोलपत्रहरु प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औ दिनको १२ बजे भित्र यस निर्देशनालयको नाउमा सम्वोधन गरि सिलबन्दी वोलपत्र दर्ता गराउनु पर्ने छ। उक्त सिलबन्दी वोलपत्रहरु सोही दिन को २ बजे कार्यालय प्रतिनिधि र वोलपत्र दाता वा निजको प्रतिनिधि को रोवहरमा खोलिने छ। वोलपत्रदाता वा निजको प्रतिनिधीहरु उपस्थिती नभए पनि वोलपत्र खोल्ने कार्यमा वाधा पर्ने छैन।
७. वोलपत्र खोलिएको दिन देखि गणना हुनेगरि कम्तीमा १२० दिन सम्मको लागि वोलपत्र मान्य हुनेछ। सिलबन्दी वोलपत्र साथ रु.६४,०००। - चौसट्ठी हजार रुपैया मात्र ) जमानत वापत को रकम कोष तथा लेखा नियन्त्रक कार्यालय ललितपुरको ने.बै.लि. गावहाल धरौटी खाता नम्वर ख ३ धरौटी १८०-५१-००१६८५६ खातामा नगदै जम्मा गरेको सक्कल भौचर (कार्यालय कोड नं. २८-३१२-३२ )वा यस निर्देशनालयको नाममा मान्यता प्राप्त बाणिज्य बैंकहरुले जारी गरेको विड सेक्युरिटी पत्र पेश गर्नु पर्ने छ।
८. वोलपत्र दाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको र सम्वन्धीत पेशा वा व्यवसाय सम्वन्धी कसुरमा सजाय नपाएको भनि लिखित रुपमा गरेको स्वघोषणाको कागजात शिलबन्दी वोलपत्र साथ पेश गर्नु पर्ने छ।
९. म्याद नाघेको वा रित नपुगेको वोलपत्र उपर कुनै कारवाही गरिने छैन।
१०. वोलपत्र सम्वन्धी अन्य कुराहरु वोलपत्र फाराममा उल्लेखित स्पेशिफिकेशन एवं शर्त तथा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम हुने छ।
११.वोलपत्र सम्वन्धी थप केही कुरा बुझ्नुपरेमा कार्यालय समय भित्र यस निर्देशनालयमा आई बुझ्न सकिने छ साथै सिलबन्दी वोलपत्रमा खरिद गर्नु पर्ने माटो जाँच गर्ने प्रयोगशाला सामाग्रीको सूची वोलपत्र फाराममा उल्लेख गरिएको छ र यस निर्देशनालयको वेवसाइट www.doasoil.gov.np मा पनि हेर्न हुन सूचित गरिन्छ।

पुनस्च : लागत अनुमान अंक मु.अ.कर बाहेक रु. २१,५०,०००। -(एक्काईस लाख पचास हजार मात्र)

नि. प्रमुख माटो विज्ञ

नेपाल सरकार
कृषि विकास मन्त्रालय
कृषि विभाग
माटो व्यवस्थापन निर्देशनालय
हरिहरभवन, ललितपुर

## आवस्यक सामानहरु

| सि.न. | सामानको नाम | परिमाण |
|---|---|---|
| १ | pH Meter | १० |
| २ | Spectrophotometer | १० |
| ३ | Digital Flame Photometer | १० |
| ४ | Distilled Water Plant | १० |
| ५ | Mechanical shaker | १० |
| ६ | Electronic Balance | १० |